नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या :- स्था.त.स.शा./अन्य/फा.सं.-१/०७६/७७

च.नं. :- ४६१

मिति : २०७६/१०/०९

श्री स्थानीय तह (सबै) ।

विषयः जानकारी सम्वन्धमा ।

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रायलको प.स. ०७६/७७ च.नं. ६६ मिति २०७६/१०/०९ को प्राप्त पत्र संलग्न छ । एक स्वास्थ्य रणनीति, २०७६ सम्वन्धमा थप व्यहोरा संलग्न पत्रबाट अवगत गर्नुभई आवश्यक समन्वय गर्नुहुन आदेशानुसार अनुरोध छ ।

.............................

(डिलाराम पन्थी)

उप-सचिव

**वोधार्थ :**

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं ।

श्री सूचना तथा प्रविधि शाखा; **Website** मा **upload** गरिदिनुहुन ।

९५८ ८ ४२१९


नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

फ्याक्स : ४२११९३५

सिंहदरवार, काठमाण्डौं
नेपाल


पत्र संख्या : ०७६/०७७
च.नं. : ६६

स्थानीय तह समन्वय शाखा
दर्ता नं.:- ५८३
मिति:- २०७६/१०/०९

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरवार, काठमाण्डौ

मितिः २०७६।१०।०६

विषयः एक स्वास्थ्य रणनीति सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

दर्ता नं.:- १००६३
मिति:- २०७६/१०/०६

प्रस्तुत विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।०९।१४ को बैठकको निर्णयानुसार स्वीकृत संलग्न एक स्वास्थ्य रणनीति, २०७६ सबै स्थानीय निकायहरूलाई जानकारी गराइदिनुहुनका लागि पठाइएको व्यहोरा अनुरोध छ।

डा. विजय चन्द्र झा
सह-सचिव

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रादेशिक समन्वय तथा योजना महाशाखा, सिंहदरवार, काठमाडौं।

# एक-स्वास्थ्य रणनीति, २०७६

## १. पृष्ठभूमि

विश्वमा देखापरिरहेका नयाँ रोगहरू मध्ये करिब सत्तरी प्रतिशत रोग पशुपन्छीमा उत्पन्न भई मानिसमा सर्ने प्रकारका छन्। नेपालमा पनि पशुपन्छी र मानवबीच एकआपसमा सर्न सक्ने र वातावरणमा लामो समय रहन सक्ने विभिन्न रोगहरूको कारकतत्वको संक्रमणबाट वर्षेनी धेरै सङ्ख्यामा पशुधन तथा मानवीय क्षति भइरहेको छ।

मानिस, पशुपन्छी तथा वातावरणबीचको अन्तरसम्बन्धबाट उत्पन्न हुने रोगहरूको पहिचान गर्दै अधिकतम स्वास्थ्य लाभ प्राप्त गर्न एक स्वास्थ्य अवधारणा अनुरूप बहुक्षेत्रीय र बहुपक्षीय निकायहरूको सहकार्य आवश्यक हुन्छ। यसै सन्दर्भमा द्रुत गतिमा फैलिएर आर्थिक-सामाजिक क्षेत्रमा नकारात्मक असर पार्ने नयाँ (इमर्जिङ), पुनः देखापरेका (रि-इमर्जिङ), महामारी रोगहरू, जुनोटिक (मानव र पशुपन्छीबीच एक आपसमा सर्ने) रोग एवं संक्रमणजस्ता चुनौतीको प्राथमिकताका साथ प्रतिकार्य गर्न जनस्वास्थ्य, पशु स्वास्थ्य, वनस्पति र वातावरणीय स्वास्थ्यका निकायहरूबाट एकीकृत प्रयास आवश्यक छ।

विश्वस्तरमा नेपाल सदस्य राष्ट्र रहेको विश्व पशु स्वास्थ्य संगठन, संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि संगठन र विश्व स्वास्थ्य संगठनबीच एक-स्वास्थ्य अवधारणा (वान हेल्थ एप्रोच) मा कार्य गर्न भएको त्रिपक्षीय समझदारीअनुसारको राष्ट्रिय दायित्व पूरा गर्न र नेपालको संविधानको धारा ५१ को खण्ड (ज) मा उल्लिखित नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिको कार्यान्वयन गर्न जनस्वास्थ्य, पशु स्वास्थ्य तथा वातावरणीय स्वास्थ्यका निकायबाट समन्वयात्मक रूपमा कार्य गर्न नेपाल सरकारले यो एक-स्वास्थ्य रणनीति, २०७६ लागू गरेको छ।

## २. रणनीतिको आवश्यकता

सघन पशुपन्छीपालन, पशु तथा पशुजन्य पदार्थको अव्यवस्थित बजारीकरण, जनसङ्ख्या वृद्धि, बसाईसराई, वातावरणीय विनासलगायतका कारणबाट मानिस, घरपालुवा तथा जङ्गली जनावरमा नयाँ, पुनः देखापरेका, महामारी र जुनोटिक रोगहरूको जोखिम बढ्दो छ। यस्ता जोखिमको स्तर निर्धारण, निरन्तर निगरानी, समयमै पहिचान, रोकथाम तथा नियन्त्रणसम्बन्धी पूर्वतयारी र प्रतिकार्यको लागि बहुपक्षीय समन्वय, सहकार्य, सूचनाको आदानप्रदान तथा आर्थिक स्रोतको समेत मितव्ययी ढङ्गले परिचालन गर्न यो एक-स्वास्थ्य रणनीति सहयोगी सिद्ध हुनेछ।

## ३. दूरदृष्टि

जनस्वास्थ्य, पशु स्वास्थ्य र वातावरणीय स्वास्थ्यलाई प्रभाव पार्ने साझा जोखिम तथा चुनौतीहरूको प्रभावकारी व्यवस्थापनद्वारा अधिकतम स्वास्थ्य लाभ प्राप्त भएको हुने।

## ४. लक्ष्य

नयाँ, पुनः देखापरेका, महामारी र जुनोटिक रोगहरूको निरन्तर निगरानी, रोकथाम तथा नियन्त्रण गर्न सम्बन्धित सरोकारवालाहरूबीच समन्वय तथा सहकार्य गर्दै उपलब्ध स्रोतसाधनहरूको समुचित उपयोग गरी एक-स्वास्थ्य अवधारणासँग सम्बन्धित क्रियाकलापहरूलाई प्रवर्द्धन गर्ने।

## ५. उद्देश्यहरू

यस रणनीतिमा देहायका उद्देश्यहरू तय गरिएका छन्:

- समन्वय र सहकार्यको लागि बहुपक्षीय सरोकारवालाहरूबीच सञ्जाल स्थापना गर्ने।
- महामारीहरूको समयमै पहिचान र सूचना प्रणालीलाई सुदृढ गर्ने।
- पूर्वतयारी र प्रतिकार्य गर्न बहुपक्षीय सरोकारवालाहरूको क्षमता विकास गर्ने।
- समुदायमा एक-स्वास्थ्य अवधारणाको पैरवी गर्ने।

## ६. रणनीति

एक-स्वास्थ्य रणनीति देहायअनुसार कार्यान्वयन गरिनेछः-

१ सरोकारवालाबीच समन्वय र सहकार्य
२ एकीकृत रूपमा रोगको निरन्तर निगरानी र प्रयोगशाला सेवा
३ सरोकारवालाको क्षमता विकास
४ पूर्वतयारी र प्रतिकार्य
५ सञ्चार र पैरवी

### रणनीति १ः सरोकारवालाबीच समन्वय र सहकार्य

एक-स्वास्थ्य अवधारणालाई संघ, प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन गर्न सरोकारवालाहरूबीच प्रभावकारी समन्वय र सहकार्यको लागि विभिन्न समितिहरूको व्यवस्था गरिनेछ।

#### १.१ संघीय एक-स्वास्थ्य निर्देशक समिति

एक-स्वास्थ्यसम्बन्धी नीति निर्धारण गर्ने तथा सम्बन्धित निकायहरूलाई मार्गदर्शन गर्न देहायका पदाधिकारीहरू सम्मिलित संघीयस्तरमा निर्देशक समिति रहनेछः

१) मन्त्री, कृषि तथा पशुपन्छी विकास मन्त्रालय
२) मन्त्री, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
३) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय
४) सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
५) सचिव, वन तथा वातावरण मन्त्रालय
६) सचिव, राष्ट्रिय योजना आयोग
७) सचिव, अर्थ मन्त्रालय
८) सचिव, गृह मन्त्रालय
९) सचिव, खानेपानी मन्त्रालय
१०) सहसचिव, गुणस्तर मापन तथा नियमन महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
११) सहसचिव, पशु स्वास्थ्य महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय

समितिको बैठक आवश्यकतानुसार बस्न सक्नेछ। समितिले विज्ञहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ। समितिको अध्यक्षता कृषि तथा पशुपन्छी विकास मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका मन्त्रीहरूले प्रत्येक वर्ष आलोपालो गरी गर्नेछन् र सम्बन्धित मन्त्रालयका सहसचिवले



सरकार मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

समितिको सदस्य सचिवको कार्य गर्नेछन्। समितिका सदस्य सचिवले अध्यक्षसँग परामर्श गरी समितिको बैठक बोलाउन सक्नेछ।

संघीय एक-स्वास्थ्य निर्देशक समितिको काम, कर्तव्य र अधिकार:

१. एक-स्वास्थ्य रणनीति कार्यान्वयनको लागि आवश्यक नीति निर्माण गर्ने।
२. संघीय एक-स्वास्थ्य प्राविधिक समन्वय समितिबाट पेश भएका प्रस्ताव तथा कार्ययोजना स्वीकृत गर्ने।
३. एक-स्वास्थ्य रणनीति कार्यान्वयनको लागि आवश्यक स्रोतसाधनको समुचित परिचालन गर्ने।
४. एक-स्वास्थ्य प्राविधिक समन्वय समितिलाई आवश्यक निर्देशन दिने।

**१.२ संघीय एक-स्वास्थ्य प्राविधिक समन्वय समिति**

एक-स्वास्थ्य रणनीति कार्यान्वयन गर्न गराउन विभिन्न क्षेत्रका विज्ञहरू सम्मिलित देहायबमोजिमको संघीय एक-स्वास्थ्य प्राविधिक समन्वय समिति रहने छ।

१) महानिर्देशक, पशु सेवा विभाग
२) महानिर्देशक, स्वास्थ्य सेवा विभाग
३) महानिर्देशक, कृषि विभाग
४) महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
५) महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
६) महानिर्देशक, वातावरण विभाग
७) उपमहानिर्देशक, पशु सेवा विभाग (पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण महाशाखा)
८) निर्देशक, इपिडेमिओलोजी तथा रोग नियन्त्रण महाशाखा, स्वास्थ्य सेवा विभाग
९) निर्देशक, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, स्वास्थ्य सेवा विभाग
१०) प्रमुख, केन्द्रीय पशु रोग अन्वेषण प्रयोगशाला, पशु सेवा विभाग
११) प्रमुख, पशु स्वास्थ्य अनुसन्धान महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद्
१२) उप-सचिव (प्राविधिक), पशु सेवा विभाग

समितिको बैठक सामान्यतया वर्षको दुई पटक वा आवश्यकतानुसार बस्न सक्नेछ। समितिले विज्ञहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ। पशु सेवा विभाग र स्वास्थ्य सेवा विभागका महानिर्देशकले वर्षेनी आलोपालो गरी यस समितिको अध्यक्षता गर्नेछन्। उप-सचिव (प्राविधिक), पशु सेवा विभाग र इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, स्वास्थ्य सेवा विभागका निर्देशकले सम्बन्धित विभागीय प्रमुखले अध्यक्षता गरेको समयमा समितिको सदस्य सचिवको कार्य गर्नेछन्। समितिको सदस्य सचिवले अध्यक्षसँग परामर्श गरी समितिको बैठक बोलाउन सक्नेछ।

संघीय एक-स्वास्थ्य प्राविधिक समन्वय समितिको काम, कर्तव्य र अधिकार:

- एक-स्वास्थ्य अवधारणा कार्यान्वयन गर्ने गराउने सम्बन्धमा नीति तर्जुमा, प्राथमिकता निर्धारण र अन्य प्राविधिक मुद्दाहरू संघीय एक स्वास्थ्य निर्देशक समितिमा प्रस्ताव गर्ने।
- मानव-पशुपन्छी-वातावरणीय अन्तरसम्बन्धका कारण कुनै रोग वा स्वास्थ्य सम्बन्धी समस्या देखिएमा एकीकृत संयन्त्र परिचालन गर्ने र संघीय एक स्वास्थ्य निर्देशक समितिमा प्रतिवेदन पेश गर्ने।
- एक-स्वास्थ्य कार्ययोजना तयार गरी स्वीकृतिको लागि संघीय एक स्वास्थ्य निर्देशक समितिमा पेश गर्ने।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

- सम्बन्धित सरोकारवाला र दातृ निकायहरूलाई प्राविधिक सहयोगको लागि अनुरोध गर्ने।
- एक-स्वास्थ्य कार्ययोजना कार्यान्वयन स्थितिको अनुगमन तथा मूल्याङ्कन गर्ने।

१.३ एक-स्वास्थ्य रणनीतिको उद्देश्य प्राप्तिका लागि प्रदेशको सम्बन्धित मन्त्रालय तथा स्थानीय तहले संघीय प्रावधानहरू अनुरूप यस रणनीतिको कार्यान्वयनको लागि आवश्यकतानुसार बहुपक्षीय सरोकारवाला सम्मिलित काम, कर्तव्य र अधिकार सहितको समन्वय समितिहरू गठन तथा परिचालन गर्न सक्नेछन्।

रणनीति २: एकीकृत रूपमा रोगको निरन्तर निगरानी र प्रयोगशाला सेवा

एक-स्वास्थ्य अवधारणा कार्यान्वयन गर्दा जोखिममा आधारित निगरानी योजनाको प्रयोग गरिनेछ। विशेष गरी समुदायलाई संलग्न गराउने सहभागितात्मक निगरानी पद्धति अनुसरण गर्न मौजुदा क्षमता र तरिकामा परिमार्जन गरिनेछ। सर्वेक्षण, निरन्तर निगरानी, अनुगमनबाट रोगको सूचना संकलन गरी सम्बन्धित आधिकारिक निकायमा समयमै सम्प्रेषण गरी रोग अन्यत्र फैलिन नदिन समुदायस्तरमा तत्काल नियन्त्रण कार्य गरिनेछ। एकीकृत रूपमा रोगको निरन्तर निगरानीका लागि निम्नानुसारका व्यवस्थाहरू समावेश गरिनेछः

- वन्यजन्तु, वनस्पति तथा खाद्यसमेतलाई समावेश गरी निरन्तर निगरानीको लागि उपयुक्त मार्गदर्शन गरिनेछ।
- नयाँ, पुनः देखापरेका, महामारी र जुनोटिक रोगहरूको प्राथमिकता निर्धारण गरिनेछ।
- सम्बन्धित सबै सरोकारवालाहरूको निरन्तर निगरानी गर्ने क्षमताको सुदृढीकरण गरिनेछ।
- महामारीको अन्वेषण गर्ने व्यवस्था सहित निरन्तर निगरानी गर्ने कार्यविधि तयार गरिनेछ।
- सरोकारवाला निकायहरूमा प्रयोगशालाहरूको सुदृढीकरण गरिनेछ।
- रोगको प्रकोप बढी भएका क्षेत्रमा उच्च जोखिम समूहको पहिचान गरी सूचना सम्प्रेषण गरिनेछ।

रणनीति ३: सरोकारवालाको क्षमता विकास

सरोकारवाला निकायहरूको क्षमता विकासको लागि सुधार गर्नुपर्ने पक्षहरूको पहिचान गरी तदनुरूप क्षमता विकास सम्बन्धी योजना तर्जुमा गरिनेछ। यस रणनीतिमा निम्नानुसारका क्षेत्रहरूमा जोड दिइनेछः

- सम्बन्धित सबै सरोकारवालाहरूको मौजुदा जनशक्ति, आर्थिक तथा अन्य स्रोतसाधनहरूको मापन गरी सुधार गर्नुपर्ने पक्षहरू समेत यकिन गरी क्षमता विकास योजना तर्जुमा गरिनेछ।
- प्रयोगशालामा उपलब्ध सुविधा आवश्यकतानुसार सम्बन्धित बहुपक्षीय सरोकारवालाहरूले समेत प्रयोग गर्न सक्ने व्यवस्था मिलाइनेछ।
- उच्च प्रविधियुक्त सेवा सुविधाहरू जस्तै भाइरस आइसोलेसन्, मलिकुलर सिक्वेन्सिङ, बायोइन्फर्मेटिक्स आदि सञ्चालन गर्न प्राविधिक सहयोग गरिनेछ।
- जनस्वास्थ्य तथा पशु स्वास्थ्य तर्फका इपिडेमियोलोजी इकाइहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड र अभ्यास अनुरूप कार्य गर्न सक्ने गरी सुदृढीकरण गरिनेछ।
- पशु स्वास्थ्य र जनस्वास्थ्यका इपिडेमियोलोजी इकाइ र प्रयोगशालाहरूबीच सूचना आदान प्रदानको लागि आन्तरिक तथा बाह्य सम्पर्क प्रणाली स्थापना गरिनेछ।
- भेटेरिनरी र मानव चिकित्सा शास्त्रको स्नातक तहमा एक-स्वास्थ्य अवधारणा समावेश गर्न पैरवी गरिनेछ।

- एक-स्वास्थ्यको दृष्टिले वन्यजन्तुमा हुने महत्वपूर्ण रोगहरूको सूची तयार गरी उचित सम्बोधन गर्न क्षमता विकास गरिनेछ।
- खाद्य पदार्थजन्य रोगहरूको अन्तर्राष्ट्रिय स्वास्थ्य नियमावली, २००५ तथा कोडेक्स एलिमेन्टेरियस्का प्रावधान अनुरूप अन्वेषण तथा निदान गर्ने क्षमता विकास गरिनेछ।

रणनीति ४ः पूर्वतयारी र प्रतिकार्यः

नयाँ, पुनः देखापरेका, महामारी तथा गम्भीर प्रकृतिका रोगहरूलाई समयमै सम्बोधन गर्न पूर्वतयारी र प्रतिकार्यका लागि सरोकारवालाहरूबीच पर्याप्त समन्वय र सहकार्य गर्ने पद्धतिको विकास गरिनेछ। यस रणनीतिमा निम्नानुसारका क्षेत्रहरूमा जोड दिइनेछ।

- प्राथमिकीकरण गरिएका नयाँ, पुनः देखापरेका, महामारी र जुनोटिक समेतका रोगहरूको रोकथाम तथा नियन्त्रण गर्न आकस्मिक कार्ययोजना (कन्टन्जेन्सी प्लान) र कार्यविधि तयार गरिनेछ।
- सबै सरोकारवाला पक्ष र निकायहरूबाट क्षेत्रगत रूपमा बन्ने आकस्मिक कार्ययोजनाको लागि आवश्यक पर्ने स्रोतसाधनहरूको व्यवस्था सुनिश्चित गरिनेछ।
- नयाँ, पुनः देखापरेका, महामारी र जुनोटिक समेतका रोगहरूको रोकथाम तथा नियन्त्रण गर्न तर्जुमा गरिएका पूर्वतयारी, आकस्मिक कार्ययोजना र व्यवस्थापनको सम्बन्धमा समय समयमा पूर्वभ्यास (सिमुलेसन्) गरिनेछ।

रणनीति ५ः सञ्चार र पैरवी

यस रणनीतिले प्रविधि, परामर्श, सूचना तथा सञ्चार र कार्यक्रम कार्यान्वयनमा सबै सरोकारवालाहरूबीचको अन्तरसम्बन्धलाई सशक्त बनाएर समन्वय र सहकार्य गर्न उत्प्रेरित गर्नेछ। यस रणनीतिले सम्बन्धित सरोकारवालालाई रणनीतिक सूचना तथा सञ्चार कार्ययोजना कार्यान्वयन गर्नमा निकटतम समन्वय र सहकार्यको वातावरण सिर्जना गर्नेछ। यस रणनीतिमा निम्नानुसारका क्षेत्रहरूमा जोड दिइनेछ।

- सबै पक्षहरूबाट एक-स्वास्थ्य अवधारणा कार्यान्वयनको लागि सूचना तथा सञ्चार र परामर्शका लागि समुचित तरिकाहरू अवलम्बन गरिनेछ।
- महामारी देखापर्नु पूर्वको अवस्था, भइरहेको अवस्था र नियन्त्रण पश्चातको अवस्थामा आर्थिक तथा स्थायित्वका दृष्टिकोणबाट प्रभावकारी सञ्चार सामग्रीको विकास गरी कार्यान्वयन गरिनेछ।
- महामारीको जोखिम सम्बन्धी उपयुक्त सूचना तथा सञ्चार र घटनामा आधारित परामर्श सामग्रीको विकास गरी लक्षित समुदाय र नीति निर्मातालाई समयमै उपलब्ध गराइनेछ।

## ७. संस्थागत संरचना

यस रणनीतिको कार्यान्वयनको लागि संघीय सरकार अन्तर्गतका कृषि तथा पशुपन्छी विकास मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, वन तथा वातावरण मन्त्रालयले आवश्यकतानुसार आ-आफना निकायहरूमा संस्थागत संरचनाको व्यवस्था गर्नेछ। यस रणनीतिको कार्यान्वयनमा सहजीकरण, सरोकारवालाबीच समन्वय र सूचनाको आदानप्रदान गर्नको लागि सम्बन्धित मन्त्रालय तथा विभागहरूमा फोकल अधिकृत तोकी कार्य गर्नेछ। नेपाल सरकारले आवश्यकतानुसार काम, कर्तव्य र अधिकार तोकी एक बहुक्षेत्रीय एक स्वास्थ्य सचिवालय गठन गर्न सक्नेछ ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

८. आर्थिक पक्ष

सरकारी बजेट, वैदेशिक सहयोग र निजी क्षेत्रको यस क्षेत्रमा हुने लगानी समग्रमा यस रणनीति कार्यान्वयनका वित्तीय आधार हुनेछन्।

९. अनुगमन तथा मूल्याङ्कन

यस रणनीति अनुरूप सञ्चालित कार्यक्रमहरूको नियमित रूपले अनुगमन तथा मूल्याङ्कन गरिने व्यवस्थाको लागि प्रभावकारी संयन्त्र बनाई कार्यान्वयनमा ल्याइनेछ। अनुगमन तथा मूल्याङ्कनको ढाँचालाई राष्ट्रिय योजना आयोगको मार्गदर्शन र अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप हुने गरी तयार गरिनेछ।

सबै सरोकारवालाहरूले नियमित रूपमा एक-स्वास्थ्य सम्बन्धी सञ्चालित कार्यक्रमहरूको समिक्षा गरी संघीय एक-स्वास्थ्य प्राविधिक समितिमा प्रगति प्रतिवेदन पेश गरिनेछ। अनुगमनको वार्षिक प्रतिवेदन संघीय एक-स्वास्थ्य निर्देशक समितिमा पेश गरिनेछ।

१०. जोखिम

- भरपर्दो जानकारी र सूचना लगायत क्षेत्रगत तथा विषयगत सूचना उपलब्ध गराउने संयन्त्र नहुँदा प्रभावकारी कार्यान्वयनमा कठिनाई हुने सम्भावना रहन्छ।
- कार्यक्रम कार्यान्वयनको लागि आवश्यक जनशक्ति, प्राविधिक तथा आर्थिक स्रोत उपलब्ध नहुँदा एकीकृत परिचालन प्रभावकारी रूपमा हुन नसक्ने सम्भावना रहन्छ।

११. बाधा अड्काउ फुकाउने अधिकार

यस रणनीति कार्यान्वयनको सिलसिलामा कुनै समस्या उत्पन्न भएमा संघीय एक-स्वास्थ्य निर्देशक समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं